“हरित संगमस्थल हाम्रो शहर, सुन्दर समृद्ध कोहलपुर नगर”

कोहलपुर नगरपालिकाको जैविक विविधता प्रोफाइल २०८२

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

जैविक विविधता प्रोफाइल, २०८२

हरित संगमस्थल हाम्रो शहर, सुन्दर समृद्ध कोहलपुर नगर



कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

हरित संगमस्थल हाम्रो शहर, सुन्दर समृद्ध कोहलपुर नगर

कोहलपुर नगरपालिकाको

जैविक विविधता प्रोफाइल

२०८२

(नगर प्रहरी, बिपद व्यवस्थापन तथा वातावरण शाखा)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

कोहलपुर नगरपालिकाको जैविक विविधता प्रोफाइल, २०८२

प्रकाशक : कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
(नगर प्रहरी, बिपद व्यवस्थापन तथा वातावरण शाखा)

सम्पर्क : ०८१-५४०३१८, ९८५८०३४६५०

वेभसाइट : www.kohalpurmun.gov.np

इमेल : info@kohalpurmun.gov.np

तयारकर्ता : उर्मिला चन्द (वन प्राबिधिक, कोहलपुर नगरपालिका, बाँके)
: प्रेम प्रकाश बुढाथोकी (वातावरण अधिकृत, कोहलपुर नगरपालिका, बाँके)
फोटोग्राफर : बाल्मीकी थापा

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०८२

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.:

शुभकामना

"सम्वृद्धिका लागि वन" परियोजनाको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट अन्तर्गत कोहलपुर नगरपालिकाको जैविक विविधता प्रोफाइल प्रकाशित गरिएकोमा हार्दिक शुभकामना सहित बधाई छ । जैविक विविधता मानव जीवन र अस्तित्वको आधार हो । जैविक विविधताको महत्व बहुआयामिक रहेको छ र यो प्रकृतिबाट प्राप्त गर्ने वस्तु तथा सेवाको स्रोत पनि हो । वातावरणीय सन्तुलन, पानीको प्राकृतिक शुद्धीकरण, प्रदूषण नियमन, रासायनिक पदार्थको शोषण, जलचक्रको सन्तुलन, प्राणवायु उत्पादन, कार्बन सञ्चिति जस्ता वातावरणीय प्रणालीका लागि जैविक विविधताको अहम् भूमिका रहन्छ। जैविक विविधता पर्यावरणीय सेवाको एक प्रमुख अङ्ग हो।

कोहलपुर नगरपालिकाले आफ्ना भूगोलभित्र जैविक विविधताको संरक्षणका लागि प्राथमिकताका साथ कार्य गर्नेनै छ। स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पनि महत्वपूर्ण जैविक विविधता, संरक्षण योग्य नविन पारिस्थितिकिय प्रणालीहरु छन्, जो उपयुक्त संरक्षणको पर्खाइमा बसेका छन्।

जैविक विविधता सम्बन्धी परम्परागत ज्ञानको दस्तावेजीकरण गर्दै उक्त ज्ञानलाई जैविक विविधताको संरक्षणमा लगाउनु पर्छ । जनसहभागितामा आधारित पर्यावरण संरक्षण, वनजन्य अपराध नियन्त्रण र लाभको समुचित वितरण जैविक विविधताको दिगो संरक्षणका लागि पहिलो सर्त हो । जैविक विविधता संरक्षणको विषयले प्रजाति संरक्षणको सूक्ष्म एकाइदेखि भूपरिधि स्तरको संरक्षणजस्तो बृहत् एकाइसम्म समेट्ने र यसका लागि व्यक्तिगत, सामुदायिक, राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी पहलको आवश्यकता पर्छ।

अन्तमा सिमसार क्षेत्र, कृषि क्षेत्र र कृषि जैविक विविधता, नदि तटीय पर्यावरण, मानव बस्ती लगायतको संरक्षण र सम्वर्द्धनमा स्थानीय सरकार प्रतिबद्ध रहेको छ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख
कोहलपुर नगरपालिका, बाँके

info@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.:

शुभकामना

"सम्वृद्धिका लागि वन" परियोजनाको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट अन्तर्गत कोहलपुर नगरपालिकाको जैविक विविधता प्रोफाइल प्रकाशित गर्न लागेको खवरले अत्यन्तै हर्षित छु।

पर्यावरणीय र सामाजिक–आर्थिक दृष्टिमा जैविक विविधता निकै महत्वपूर्ण मानिन्छ। वन्यजन्तुहरुले वनको पारिस्थितिक प्रणालीलाई संचालन गरिरहेका हुन्छन । वनको संरक्षण र विस्तारमा वन्यजन्तुहरूको भूमिका ठुलो हुन्छ । बाली विविधिकरण, बाली विकास र कृषिकार्यमा जैविक विविधताले मुख्य भूमिका खेलेको पाईन्छ। वन्य वनस्पति र वन छेउछाउका खेतबारिहरुमा लगाइने बालीहरुमा परागसेचन गरि वनस्पति उत्पादकत्व वृद्धि गर्न चरा, किराफट्यांग्रा, मौरीले सहयोग पुऱ्याएका हुन्छन। वन्यजन्तुले वनको प्राकृतिक सौन्दर्यताको रक्षा गर्दछन। यो जैविक विविधताको सबैभन्दा महत्वपूर्ण पक्ष हो।

जलवायु परिवर्तन र जैविक विविधताको विनाश हाम्रो पुस्ताको सबैभन्दा ठूला र जल्दोबल्दो वातावरणीय समस्याहरु हुन्। यी दुई समस्याहरुले सामान्य असर मात्र पर्ने नभई यस धर्तीमा मानव जातीको अस्तित्वसमेत जोखिममा पार्न सक्ने भएकाले यी समस्याहरु सरोकारका विषयहरु बनेका छन् । कोहलपुर नगरपालिकाको जैविक विविधता प्रोफाइलमा कोहलपुरका जैविक विविधतालाई मिहिन ढंगबाट चित्रण गरिएको छ।

अन्तमा संविधानले प्राकृतिक स्रोतहरु जस्तै वन, चरण क्षेत्र, जैविक विविधता, कृषि, जलश्रोत आदिको नियमन, अनुगमन र व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ। यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार प्रतिवद्ध नै छ। धन्यवाद।

संगिता सुवेदी
नगर उप-प्रमुख
कोहलपुर नगरपालिका, बाँके

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.:

शुभकामना

कोहलपुर नगरपालिका जैविक विविधताको हिसाबले अत्यन्तै समृद्ध, सम्भावना बोकेको र विशेष पहिचान भएको नगर हो । यहाँ पाइने साल, खयर, बाँझी, असनाको वन, भूतैया ताल, डुडुवा खोला, रानिघाट, जोर्ते ताल तथा सिमसार क्षेत्र, विभिन्न औषधिय वनस्पति, पंक्षी, बन्यजन्तु, सरीसृप, साना-ठूला जनावरहरू लगायत कृषिमा आधारित विविध बालीहरूले नगर क्षेत्रलाई जैविक सम्पदाको दृष्टिले महत्वपूर्ण बनाएका छन् । यस्तै, समुदायमा पीढी पुर्खादेखि चलिआएको परम्परागत ज्ञान, स्रोतको संरक्षण गर्ने चलन, तथा जैविक विविधता प्रतिको आत्मीयता झनै प्रेरणादायी पक्ष हुन् ।

"समृद्धिका लागि वन" परियोजना अन्तर्गत तयार पारिएको कोहलपुरको "जैविक विविधता प्रोफाइल २०८२" नगरको जैविक अवस्था, संरक्षणका आवश्यकता, जोखिम र अवसरहरूको समग्र जानकारी दिने एउटा महत्वपूर्ण दस्तावेज हो । यो केवल सूचनाको संग्रह होइन, अनुसन्धान, शैक्षिक प्रयोग, नवप्रवर्तन, नीति निर्माण, तथा स्थानीय तहमा उद्यमशीलता र रोजगारी प्रवर्द्धन गर्ने दिगो आधार पनि हो ।

प्रोफाइलमा समावेश गरिएका तथ्यांक, स्थलचित्र र सिफारिसहरूले इको टुरिजम लाई प्रवर्द्धन गर्न, स्थानीय प्रकृतिमा आधारित जीवनशैलीलाई बलियो बनाउन, र कृषि, वन तथा जलस्रोत क्षेत्रमा नवीन सोच र परियोजनाहरू ल्याउन मार्गनिर्देशन गर्नेछन् । यहाँको जैविक विविधतामा आधारित होमस्टे, ताल-तलैया, सामुदायिक वन जस्ता क्षेत्रहरू अध्ययन, अवलोकन भ्रमण र हरित पर्यटनको लागि आकर्षण बन्न सक्नेछन् ।

नगरपालिका यस दस्तावेजलाई दीर्घकालीन योजना निर्माण, बजेट विनियोजन, पूर्वाधार विकास र वातावरण संरक्षणको लागि आधार मानेर काम गर्दै जानेछ । यसले वातावरणीय न्याय, स्थानीय सीपको उपयोग, स्रोत संरक्षण र सामाजिक समावेशीतालाई समेत सँगसँगै अघि बढाउनेछ । अन्तमा, कोहलपुर नगरपालिकाको जैविक सम्पदाको संरक्षण, प्रचार र उपयोगबीच सन्तुलन कायम राख्दै, सबैको सहभागिता र सहकार्यमा हरियाली, समृद्ध र पर्यावरणमैत्री नगर निर्माणतर्फ अघि बढ्न हामी प्रतिबद्ध छौं ।

यस महत्वपूर्ण कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सबैमा धन्यवाद र शुभकामना व्यक्त गर्दछु ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत
कोहलपुर नगरपालिका, बाँके

info@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

सारांश

कोहलपुर नगरपालिका लुम्बिनी प्रदेश अन्तर्गत बाँके जिल्लाको एक समृद्ध र जैविक रूपमा विविधतायुक्त नगरपालिका हो । तराई क्षेत्रको उर्वर जमिन, उपोष्ण जलवायु, तथा वन, सिमसार, ताल (तलैया र डुडुवा खोला जस्ता जलस्रोतहरूले यस नगरपालिकालाई जैविक विविधताको दृष्टिले विशेष बनाएका छन् । यस जैविक विविधता प्रोफाइल “समृद्धिका लागि वन” परियोजना अन्तर्गतको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट को सहयोगमा तयार पारिएको हो । यसले नगर भित्रका प्राकृतिक स्रोतहरू वनस्पति, वन्यजन्तु, चराचुरुंगी, सरिसृप, औषधिय वनस्पति, सिमसार, ताल, नदी तथा कृषि जैविक विविधताको सम्पूर्ण जानकारी समेटेको छ।

उद्देश्यहरूः

- कोहलपुर नगरपालिकाको जैविक विविधताको तथ्यांक संकलन र दस्तावेजीकरण गर्ने ।
- जैविक सम्पदाको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनको लागि नीति निर्माणमा सहयोग पुऱ्याउने ।
- स्थानिय बासिन्दा, नीति निर्माता र सरोकारवालाहरूमाझ जानकारी पुऱ्याएर सहभागितामूलक संरक्षणको आधार तयार गर्ने ।
- ताल,सिमसार, वन र वन्यजन्तु सहितको प्राकृतिक क्षेत्रको उपयोग, सम्भाव्यता र जोखिमहरूको पहिचान गर्नु ।

प्रविधि (Methodology):

- फिल्ड अवलोकन तथा प्रत्यक्ष तथ्याङ्क संकलन।
- स्थानिय सामुदायिक वन समूह, मध्यवर्ती वन समिति तथा सरोकारवाला निकायहरूसँग अन्तर्वार्ता तथा छलफल।
- उपग्रह नक्सा तथा GPS प्रविधिबाट भू-क्षेत्र निर्धारण।
- प्रजाति पहिचानमा वैज्ञानिक नाम र वर्गीकरणको प्रयोग।

प्रमुख निष्कर्षहरूः

- कोहलपुरमा साल, सिसौ, खयर, बकाइनो, जामुन लगायतका काठ तथा औषधिय वनस्पति प्रशस्त छन्।
- चित्तल, स्याल,बदेल, खरायो, चराहरू, सरिसृप र जलचर प्रजातिहरू पर्याप्त मात्रामा भेटिन्छन्।
- भूतैया ताल, जोरत्ते सिमसार, डुडुवा खोला लगायत क्षेत्रहरू जैविक केन्द्रबिन्दुका रूपमा परिचित छन्।

- कृषि जैविक विविधतास् धान, मकै, गहुँ, दलहन, फलफूल र पशुपालनले स्थानीय खाद्य सुरक्षा र अर्थतन्त्रलाई सहयोग पुर्याएको छ।
- सामुदायिक वन व्यवस्थापनमा सक्रिय समूहहरू संलग्न छन् जसले संरक्षणमा उल्लेखनीय भूमिका खेलेका छन्।
- स्थानीय तहमा जैविक विविधता सम्बन्धी शिक्षा, वृक्षारोपण, सिमसार संरक्षण, फोहोरमैला व्यवस्थापन लगायत कार्यक्रम प्रभावकारी छन्।

सिफारिसहरू (Recommendations):

१. जैविक विविधता संरक्षण रणनीति तयार गरी नीति, कार्यक्रम र बजेट सुनिश्चित गर्नु।
२. बिउ बैंक र जिन बैंक स्थापना गरी दुर्लभ प्रजातिको संरक्षण र प्रवर्द्धन।
३. स्थानीय पाठ्यक्रममा जैविक विविधता समावेश गरी विद्यालय तहदेखि सचेतना फैलाउने।
४. सामुदायिक सहभागिता, PPP मोडल र डिजिटल निगरानी प्रणाली विस्तार गर्नु।
५. जलवायु परिवर्तनको सन्दर्भमा प्रजाति लचिलोपन सुनिश्चित गर्ने अनुसन्धान र प्रविधिको उपयोग।
६. पर्यटन र जैविक विविधता जोड्ने कार्यक्रम विकास गरी आर्थिक उपार्जनसँग संरक्षणलाई जोड्ने।
७. सिमसार, ताल तथा खोलानालाहरूको दीर्घकालीन व्यवस्थापन योजना लागू गर्नु।

अन्त्यमा, कोहलपुर नगरपालिकाको जैविक विविधता न केवल यस क्षेत्रको पर्यावरणीय सम्पदा हो, यो स्थानीय समुदायको जीवनशैली, अर्थतन्त्र र संस्कृति सँग जोडिएको अमूल्य सम्पत्ति पनि हो। यसको संरक्षण र व्यवस्थापनमा सामूहिक प्रयास, सशक्त नीति र विज्ञानमा आधारित निर्णय आवश्यक छ। यस जैविक विविधता प्रोफाइलले भावी योजना निर्माणका लागि महत्वपूर्ण आधार प्रदान गर्नेछ।

विषय सूची

क्र.सं. विषय	पेज नं.
१. परिचय	१
२. भौगोलिक अवस्था र जलवायु	२
२.१ सिमाना	३
२.२ नक्सा	३
२.३ जनसंख्या	३
२.४ धर्म अनुसार जनसंख्या विवरण	४
२.५ प्रमुख जातजाति अनुसार जनसंख्या विवरण	४
२.६ मातृभाषा अनुसार जनसंख्या	४
३. वनस्पति विविधता	५
३.१ कोहलपुर नगरपालिकामा अवस्थित वनको किसिम	५
३.२ औषधिय वनस्पति	६
४. वन्यजन्तु विविधता	७
४.१ स्तनधारी जनावरहरू	७
४.२ चराहरू	७
४.३ सरिसृपहरू	७
५. कृषि जैविक विविधता	८
६. सामुदायिक वन व्यवस्थापन	९
६.१ कोहलपुर नगरपालिकामा रहेका सामुदायिक वनको विवरण	९
६.२ कोहलपुर नगरपालिका भित्र रहेका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितीहरु	१०
६.३ स्थानीय प्रयासहरू	१०
६.३.१ निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रम	१०
६.३.२ फोहोरमैला व्यवस्थापन	११
६.३.३ वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परिक्षण	११
६.३.४ सार्वजनिक पोखरी संरक्षण	११
६.३.५ सडक किनारा वृक्षारोपण	१२
६.३.६ ग्रिन बेल्ट निर्माण	१२
६.३.७ पानीको मुहान संरक्षण	१२
६.३.८ सिमसार क्षेत्र व्यवस्थापन	१२
७. जलश्रोत सम्बन्धी विवरण	१३
८. जैविक विविधताको महत्व र संरक्षण चुनौतीहरू	१३
८.१ पर्यावरणीय सन्तुलनको संरक्षणमा	१४
८.२ आर्थिक दृष्टी	१४
८.३ औषधिय स्रोतको रुपमा	१४
८.४ खाद्य शुरक्षाको लागि	१४

८.५ संस्कृति र परम्पराको संरक्षणमा	१४
८.६ जलवायु परिवर्तनको सामना गर्न	१४
८.७ जैविक विविधताको संरक्षणका चुनौतीहरु	१५
९. निष्कर्ष	१६
१०. सुझावहरु	१७
अनुसुची १ चराका प्रजातिहरु	१८-२०
अनुसुची २ बन्यजन्तु प्रजातिहरु	२१
अनुसुची ३ सरिसृपको विवरण	२२
अनुसुची ४ वन क्षेत्रमा पाइने रुख विरुवा विवरण	२३-२४
अनुसुची ५ नगरपालिका भित्र पाईने गैर-काष्ठ वनस्पतिहरु	२५
अनुसुची ६ नगरपालिका भित्र अवस्थित ताल, नदी तथा सिमसार क्षेत्रहरु	२६-३३
अनुसुची ७ क्षेत्रगत कामका केही झलकहरू	३४
अनुसुची ८ विभिन्न बैठक र भ्रमणहरूमा सहभागी सरोकारवालाहरूको विवरण	३५

१. परिचय

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ प्रशासनिक संरचना अनुसार कोहलपुर नगरपालिका बाँके जिल्लाको एक समृद्ध र विविधतापूर्ण स्थानीय तह हो, जसको नामकरण तेल पेल्ने कोलबाट राखिएको हो। कोल काठबाट बनेको हुन्छ यसलाई तोरी, आलस आदि पेलेर तेल निकाल्न प्रयोग गरिन्छ। यो घरेलु तेल निकाल्ने मेशिन हो। जसको नामबाट यस कोहलपुर नगरपालिकाको नामाकरण गरिएको थियो। कोहलपुर नगरपालिका समथर तराई भू-भागमा फैलिएको छ, जसमा कृषियोग्य जमिन, सामुदायिक वन, सिमसार क्षेत्र, बाँके राष्ट्रिय निकुञ्ज र अन्य प्राकृतिक स्रोतहरू समेटिएका छन्। यहाँको जलवायु, जमिन र प्राकृतिक विविधता कृषिमा अनुकूल देखिएको छ, जसले गर्दा कृषिमा आधारित जीविकोपार्जन यहाँको प्रमुख आधार बनेको छ। जैविक विविधता यहाँको वातावरणीय सन्तुलन, आर्थिक विकास र सांस्कृतिक जीवनका लागि पनि अपरिहार्य तत्व हो। पुर्वपश्चिम महेन्द्र राजमार्ग र रत्नराज मार्ग यहाँको मुख्य सडक रहेका छन्। राजनैतिक रुपमा १५ वटा वडामा विभाजन गरिएको यस नगरपालिका क्षेत्रफलका हिसावले र जनसंख्याको हिसावले भने ठूलो अन्तर्गत नै पर्दछ। बाँके जिल्लाको सदरमुकाम शहर नेपालगञ्ज देखी १० कि.मि. उत्तरपट्टी रहेको कोहलपुर नगरपालिका साविकमा भेरी अञ्चल मध्यपश्चिम विकास क्षेत्रमा पर्दथ्यो। यस नगरपालिकाको मुख्य प्रशासनिक कार्यालय कोहलपुर नगरपालिका वडा नं.११ सुर्खेत रोड मा रहेको छ। यो नगरपालिकाको हाल १५ वटै वडा कार्यालयहरु सञ्चालनमा छन। कोहलपुर नगरपालिकामा भित्र एउटा मेडिकल कलेज, ३ वटा स्वास्थ्य चौकी, ३ वटा निजि अस्पताल र एउटा आयुर्वेद औषधालय रहेका छन।

विं. स. २०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम औपचारिक रुपमा साविकको कोहलपुर गाविस र रझेना गाविस वि.सं. २०७१ ज्येष्ठ ७ का दिन गाभिएर यस कोहलपुर नगरपालिकाको स्थापना भएको हो। पछि समसेरगन्ज गाविसको केही भाग वि.सं. २०७३ मा कोहलपुर नगरपालिकामा समायोजन भएको हो।

यस नगरपालिकाको सामाजिक बनावट अत्यन्त विविधतापूर्ण छ। यहाँ ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई, सार्की, थारु, मुसलमान, ठकुरी, गुरुङ्ग, यादव, तथा अन्य थुप्रै जातजातिहरूको समान बसोबास पाइन्छ। सबै समुदाय बिच सौहार्दपूर्ण सम्बन्ध रहेको छ र चाडपर्वहरू जस्तै दशैं, तिहार, तिज, छठ, होली, इद, क्रिसमस, बुद्धजयन्ती आदिलाई उमंग र उल्लासका साथ सामूहिक रूपमा मनाउने परम्परा रहेको छ।

धार्मिक र सांस्कृतिक दृष्टिले पनि कोहलपुर नगरपालिका विशेष महत्वको छ। कोहलपुर नगरपालिका धार्मिक विविधता युक्त शहर हो। यहाँ धार्मिक सहिषुणता झल्काउने विभिन्न धर्मालम्विहरुको धार्मिक स्थल रहेका छन। यहाँ मठमन्दिर जस्तै: कालिका मन्दिर, मनकामना,

शिवालय, राधाकृष्ण, वैष्णोदेवी लगायतका दर्जनौं हिन्दु मन्दिरहरु छन । त्यसैगरी जहामिया, जहामिया कादरी आदि मस्जिद तथा विलिभर्स, बेथेल, गेश्मी लगायतका चर्च जस्ता धार्मिक स्थलहरू छन्, साथै देउसी-भैलो, भजन-कृतन, थारु नाच, कौरा जस्ता मौलिक सांस्कृतिक परम्पराहरू जीवित छन् । यहाँका बासिन्दाहरू मिलनसार, सहयोगी र विकासप्रेमी छन् । विभिन्न भाषाको प्रयोगले यो क्षेत्रको सांस्कृतिक विविधतालाई अझ सशक्त बनाएको छ।

कोहलपुर नगरपालिका साविकका कोहलपुर, रझेना र शम्शेरगञ्ज गाविसहरू मिलेर बनेको हो । आम जनताको चाहना अनुसार पुरानो सम्बन्धलाई कायम राख्दै नयाँ स्थानीय तहको संरचना अन्तर्गत यसको नामाकरण गरिएको हो । यहाँको विकास यात्रा पनि प्रेरणादायक छ। २०१६ सालदेखि विद्यालयको स्थापना, सिंचाइ विस्तार, यातायात सञ्जालको विकास, तथा अन्य पूर्वाधार निर्माणमा स्थानीयको सक्रिय सहभागिता रहँदै आएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १८४.२६वर्ग कि.मि. रहेको छ । कोहलपुर नगरपालिका आज विविधता, समृद्धि र सामूहिक प्रयासको प्रतिक भई समावेशी विकास र साझा पहिचानको सन्देश दिएको छ।

२. भौगोलिक अवस्था र जलवायु

कोहलपुर नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गतको समथर तराई क्षेत्रमा अवस्थित छ। यस नगरपालिकाको भू-भाग प्रायः समथर छ, जसले कृषियोग्य जमिनको प्रचुरता प्रदान गर्दछ। यस क्षेत्रको माटो उर्वर र जलस्रोतहरू पर्याप्त छन्, जुन कृषिमा आधारित जिविकोपार्जनलाई योगदान गर्दछ । कोहलपुर नगरपालिकाको भौगोलिक अवस्थाले विभिन्न जातजाति र समुदायहरूको सह-अस्तित्वलाई स्विकारेको छ, सामाजिक विविधता र सांस्कृतिक समृद्धिमा भौगोलिक अवस्थाले सहयोग गरेको छ।

कोहलपुर नगरपालिकाको जलवायु उपोष्ण देखि उष्ण समशीतोष्ण प्रकारको छ । यहाँको गर्मी मौसम चैत देखि असोज सम्म रहन्छ, जसमा यस नगरपालिकाको अधिकतम तापक्रम ग्रीष्म ऋतुमा ४६ डिग्री सम्म पुग्न सक्छ। जाडो मौसम कात्तिक देखि फागुन सम्म रहन्छ, जसमा न्युनतम तापक्रम हिउदमा ४^{o} से. सम्म पुग्न सक्छ। यस क्षेत्रमा वार्षिक वर्षा लगभग १९९२ मि.मी. हुन्छ, जुन प्रायः असार देखि भदौ महिना सम्म केन्द्रित हुन्छ। यस प्रकारको जलवायुले धान, गहुँ, मकै, तरकारी, फलफूल लगायतका बालीहरूको उत्पादनमा अनुकूलता प्रदान गर्दछ । कोहलपुर नगरपालिकाको समथर भू-भाग, उर्वर माटो र अनुकूल जलवायुले यस क्षेत्रलाई कृषिमा आधारित आर्थिक गतिविधिहरूको लागि उपयुक्त बनाएको छ । यस क्षेत्रको भौगोलिक र जलवायु विशेषताहरूले जैविक विविधता, सामाजिक सह-अस्तित्व र सांस्कृतिक समृद्धिमा महत्वपूर्ण भूमिका खेलेका छन् । त्यसैले, कोहलपुर नगरपालिकाको भौगोलिक अवस्था र जलवायु यस क्षेत्रको समग्र

विकासमा आधारशिला स्वरूप रहेको छ।

२.१ सिमाना

पुर्व : राप्तीसोनारी गाउँपालिका

पश्चिम : बैजानाथ गाउँपालिका

उत्तर : सल्यानको चुरे पहाड

दक्षिण : जानकी गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिका

२.२ नक्सा



२.३ जनसंख्या (स्रोत: राष्ट्रिय जनसंख्या तथा आवास जनगणना २०२१)

- **कुल जनसंख्या** : १,०१,६६७
- **महिला** : ५१.८%
- **पुरुष** : ४८.२%
- **लैङ्गिक अनुपात** : ९२.९२ पुरुष प्रति १०० महिला
- **जनघनत्व** : ५५२ प्रतिवर्ग किलोमिटर
- **कुल परिवार संख्या** : २४,१८३
- **अपाङ्गता भएको जनसंख्या प्रतिशत** : २.३%

- **साक्षरता दर** : ८२.६%
- **साक्षर पुरुष** : ८८.४% र साक्षर महिला : ७७.३%

२.४ धर्म अनुसार जनसंख्या विवरण

- हिन्दु : ९३.३३%
- इश्लाम : २.९%
- कृश्चियन : २.६%
- बौद्ध : १.०७%

२.५ प्रमुख जातजाति अनुसार जनसंख्या विवरण

- क्षेत्री : २४.२%
- थारु : २०.२%
- ब्राह्मण पहाडी : १४.३%
- मगर : ८.६%
- विश्वकर्मा : ७.६%
- मुसलमान : २.८%
- परियार : २.३%
- यादव : १.३%
- दशनामी : १.३%
- तामाङ्ग : १.२%
- गुरूङ्ग : ०.८%
- खटिक : ०.७%
- चिडिमार : ०.२%
- धोवि : ०.२%
- लोहार : ०.१%

२.६ मातृभाषा अनुसार जनसंख्या

- नेपाली : ४४.९%
- भोजपुरी : ९.२%
- थारु : ५.९%

- तामाङ्ग : ४.९%
- बज्जीका : ३%
- अवधी : ३%
- नेपालभाषा नेवारी: ३%
- मगर ढुड : २.८%
- अन्य : १८%

३. वनस्पति विविधता

३.१ कोहलपुर नगरपालिकामा अवस्थित वनको किसिम

वनको किसिमले भूगोल, जलवायु, वनस्पति संरचना, उचाइ तथा बोटबिरुवाको घनत्व आदिको आधारमा वर्गीकृत गरिएका विभिन्न प्रकारका वनहरूलाई जनाइन्छ। यसले कुनै क्षेत्रको पर्यावरणीय अवस्था र त्यहाँ पाइने वनस्पतिको प्रकृति अनुसार फरकफरक वनको वर्ग निर्धारण गर्न सहयोग पुऱ्याउछ। कोहलपुर नगरपालिका भित्र पाईने मुख्य वनस्पति प्रजातिलाई अनुसुची ४ मा देखाईएको छ।

सालको वन (Sal Forest)

मुख्य प्रजाती साल (Shorea robusta) रहेको यस वनमा सालको उपस्थिति करिब ६०% रहेको छ। यस बाहेक साल संगैसंगै अस्ना (Terminalia tomentosa), वर्रो (Terminalia belerica), कर्मा (Adina cordifolia), सिसौ (Dalbergia sisoo), जामुन (Eugenia jambolana), सिंदूरे (Mllaatous phliippinsis) र बाँझी (Anogeissus latifolia) लगायतका रुखहरु पाइन्छन। खासगरी पानी नजम्ने ठाउँमा यस प्रकारको वन पाइन्छ।

साल तराई हार्डउड वन (Sal- Terai Hardwood Forest)

साल (Shorea robusta) र अन्य प्रजातिहरु बराबरी रहेको यस प्रकारको वनमा साल संगैसंगै अस्ना (Terminalia tomentosa), वर्रो (Terminalia belerica), कर्मा (Adina cordifolia), जामुन (Eugenia jambolana) र बाँझी (Anogeissus latifolia) लगायतका रुखहरु पाइन्छन।

तराई हार्डउड वन (Terai Hardwood Forest)

साल (Shorea robusta) बाहेक अन्य प्रजातिहरुको मिश्रण रहेको यस प्रकारको वनमा

अस्ना (Terminalia tomentosa), वर्रो (Terminalia belerica), कर्मा (Adina cordifolia), जामुन (Eugenia jambolana), बाँझी (Anogeissus latifolia), खयर (Acacia catechu), सिमल (Bombax ceiba), वेल (Aegle marmelos) र कुसुम (Schleichera oleosa) लगायतका रुखहरु पाइन्छन।

३.२ औषधिय वनस्पति

औषधीय वनस्पति भन्नाले मानव स्वास्थ्यका लागि उपचार तथा रोग निवारणमा प्रयोग गरिने वनस्पतिहरू वा तिनीहरूको कुनै विशेष भागहरू जस्तै पात, फूल, जरा, डाँठ, बीउ, गोंद आदि लाई जनाउँछ। यस्ता वनस्पतिहरू परम्परागत ज्ञान तथा अनुभवको आधारमा स्वास्थ्य सेवा तथा प्राकृतिक उपचारमा महत्वपूर्ण मानिन्छन्। अमला, बोझो, भ्याकुर, नीम, पिपला, बकाइनो, गुर्जो, हर्रो, बर्रो, कुरीलो, तितेपाती, लेमनग्रास आदि वनस्पतिहरू नेपाली समाजमा लामो समयदेखि औषधीय प्रयोजनका लागि प्रयोग हुँदै आएका प्रमुख उदाहरणहरू हुन्। यहाँका सामुदायिक बन, निजी बन, खेतबारी तथा कान्ला र खोल्साहरूमा विभिन्न प्रकारका औषधिय वनस्पति पाइन्छन्। कोहलपुरमा रहेका आयुर्वेद केन्द्र, गाउँघरका वैद्य तथा जनैपुरुषहरूले यी वनस्पतिहरूको प्रयोग गर्दै आएका छन्। वनस्पतिका बीउ संकलन, नर्सरी विकास, घरेलु औषधि बनाउने सीप विकास तालिम जस्ता कार्यक्रम मार्फत औषधिय वनस्पति व्यवस्थापनको सम्भावना कोहलपुरमा उल्लेखनीय रहेको छ।

वनस्पतिको नाम	प्रयोग हुने भाग	औषधिय उपयोग
तुलसी	पात	ज्वरो, खोकी, नाक बन्द, पाचन सुधार
गुर्जो (गुडुचि)	लहरे/डाँठ	रोग प्रतिरोधात्मक शक्ति बढाउने, मधुमेह नियन्त्रण
हर्रो	फल	कब्जियत, पेटको समस्या, त्रिफला निर्माणमा प्रयोग
बर्रो	फल	छालाको रोग, पेट फुल्ने, मुखको दुर्गन्ध हटाउने
अमला	फल	भिटामिन 'सी' को स्रोत, दृष्टि सुधार, छाला चम्किलो बनाउने

स्रोतः आयुर्वेद विभाग मार्फत नेपालमा प्रयोग हुने जडीबुटीहरूको विवरण

४. वन्यजन्तु विविधता

कोहलपुर नगरपालिकाको जैविक विविधता अत्यन्तै समृद्ध र प्रशंसनीय छ, जहाँ विभिन्न प्रकारका वन्यजन्तुहरू पाइन्छन् । यस क्षेत्रको भौगोलिक बनावट, मौसमीय अवस्था र हरियालीले यहाँका वन्यजन्तुहरूको बसोबासका लागि अनुकूल वातावरण प्रदान गरेको छ । यसै कारणले गर्दा कोहलपुर नगरपालिका वनस्पति र जनावरहरूको संरक्षण तथा संम्वर्द्धनको दृष्टिकोणले पनि महत्वपूर्ण क्षेत्रको रूपमा परिचित हुँदै आएको छ।

४.१ स्तनधारी जनावरहरू

कोहलपुर नगरपालिकाको वन्यजन्तुको लागि मेरुदण्ड जस्तै छ। यहाँ चित्तल, घोरल, बदेल, चौका, स्याल, बाघ, लगुना, जरायो, रतुवा, खरायो, स्याल, बाँदर, बन बिरालो, दुम्सी, हात्ती, चितुवा, न्याउरी मुसा, मलाहा बिरालो, लोखर्के जस्ता स्तनधारी प्राणीहरू सहजै देख्न सकिन्छ । यी जनावरहरूले जंगलको खाद्य श्रृंखला सन्तुलित राख्न सहयोग गर्छन्, साथै मानव वन्यजन्तु सह-अस्तित्वको दृष्टिकोणले पनि उनीहरूको उपस्थिति महत्वपूर्ण मानिन्छ । अनुसुची २ मा उल्लेखित बन्यजन्तु कोहलपुर नगरपालिकाको वन क्षेत्रमा देख्न सकिन्छ।

४.२ चराहरू

कोहलपुर नगरपालिकाको आकाशमा तथा रुखबिरुवामा चहलपहल गरिरहने वन्य प्रजातिहरू चराहरु हुन् । यहाँ गिद्द, डान्ग्रे, भगेरा, जुरेली, सुँगा, लाम्पुछ्रे, परेवा, कौवा, ढुकुर, काग लगायतका दर्जनौं प्रजातिका चराहरू पाइन्छन् । यी चराहरूले जैविक नियन्त्रणमा भूमिका खेल्नुका साथै बीउ प्रसारण, फोहोर व्यवस्थापन, तथा वातावरणीय सन्तुलनको रूपमा काम गर्छन् । नगरपालिका क्षेत्रमा देख्न सकिने चराहरु अनुसुची १ मा उल्लेखित छन ।

४.३ सरिसृपहरू

सरिसृपहरुको विविधता पनि कोहलपुर नगरपालिकाको जैविक सम्पदामा उल्लेखनीय स्थान राख्दछ । यहाँ अजिंगर, गोहरो, विभिन्न प्रजातिका विषालु तथा अविषालु सर्प, गोमन, माउसुली, छेपारो पाइन्छन् । यी सरिसृपहरूले कीरा, मुसा र अन्य साना प्रजातिहरूको संख्या सन्तुलनमा राख्न मद्दत गर्छन्, जसले गर्दा प्राकृतिक खाद्य श्रृंखला मजबुत हुन्छ । अनुसुची ३ मा उल्लेखित सरिसृप कोहलपुर नगरपालिका भित्र पाईन्छन ।

यी सम्पूर्ण वन्यजन्तुहरूको उपस्थिति कोहलपुर नगरपालिकाको पर्यावरणीय सन्तुलनमा महत्वपूर्ण भूमिका खेल्दछ । तिनीहरूको संरक्षणले प्राकृतिक सम्पदा जोगाउन, जलवायु सन्तुलन कायम राख्न र भावी पुस्ताका लागि जैविक सम्पदालाई सुरक्षित राख्न मद्दत पुर्‍याउछ । साथै,

पर्यावरणीय पर्यटनको विकासका लागि पनि यी वन्यजन्तुहरू आकर्षणको केन्द्र बन्न सक्छन्।

त्यसैले, कोहलपुर नगरपालिकामा पाइने वन्यजन्तुहरूको संरक्षण, वैज्ञानिक अध्ययन तथा उनीहरूको प्राकृतिक बासस्थानको रक्षा अत्यावश्यक छ। स्थानीय समुदाय, सरकार र सरोकारवाला निकायहरूको संयुक्त प्रयासले यस क्षेत्रको जैविक विविधतालाई दीर्घकालसम्म जगेर्ना गर्न सकिन्छ, जसले वातावरणीय सन्तुलन कायम गर्न र समृद्ध प्राकृतिक उत्तराधिकार सुनिश्चित गर्न ठूलो टेवा पुऱ्याउनेछ।

५. कृषि जैविक विविधता

कोहलपुर नगरपालिकाको कृषि जैविक विविधता अत्यन्त महत्त्वपूर्ण छ, जहाँ विभिन्न प्रकारका अन्नबाली, दलहन, तेलहन, तरकारी तथा फलफूल उत्पादन गरिन्छ । मुख्य अन्नबालीहरूमा धान, गहुँ, मकै रहेका छन्, जसले यहाँको खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउछ। दलहन बालीमा मसुरो, चना, मुंग आदि पर्दछन्, जसले स्थानीय आहारमा पोषणको मात्रा बढाउँछ। तेलहन बालीको रूपमा तोरी, आलस, तिल, सूर्यमुखी खेती गरिन्छ, जसले तेल उत्पादन तथा आर्थिक सशक्तिकरणमा भूमिका खेल्छ। यस्तै, आलु, टमाटर, बन्दागोभी, काउली जस्ता तरकारी तथा आँप, लिची, केरा जस्ता फलफूलले स्थानीय बजार तथा उपभोगको आवश्यकताहरू पूर्ति गर्छन्।

कृषि जैविक विविधताको अर्को महत्वपूर्ण पक्ष पशुपालन र मत्स्यपालन हो। यहाँ गाई, भैंसी, बाख्रा तथा कुखुरा पालन गरिन्छ, जसले दुध, मासु, अण्डा उत्पादनमा योगदान पुर्योउँछ। कृत्रिम पोखरी तथा खोलानालाहरूमा माछा पालन गरिनु स्थानीय अर्थतन्त्रको स्थिरताको लागि महत्वपूर्ण छ।

यस क्षेत्रको वनस्पति विविधता पनि उल्लेखनीय छ। तितेपाती, बेसार तथा तुलसी जस्ता औषधिय वनस्पति पाइन्छन्, जसले स्थानीय उपचार प्रणालीमा योगदान गर्छ। साथै, दूबो तथा नेपियर घाँस जस्ता चारा प्रजातिहरू पशुपालनको लागि महत्वपूर्ण छन्।

यस कृषि जैविक विविधताले खाद्य सुरक्षालाई सुदृढ बनाउनुका साथै स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउछ। जैविक विविधताले माटोको उर्वरता, पानी चक्र तथा जैविक कीट नियन्त्रणमा सकारात्मक प्रभाव पार्दछ। साथै, विभिन्न जातजातिहरूको मौलिक परम्परा तथा चाडपर्वसँग कृषि विविधता गहिरो रूपमा सम्बन्धित रहेको छ, जसले सांस्कृतिक पहिचानलाई संरक्षण गर्न मद्दत गर्छ। समग्रमा, कोहलपुर नगरपालिकाको कृषि जैविक विविधता केवल उत्पादनको माध्यम मात्र नभई सामाजिक, आर्थिक तथा पर्यावरणीय सन्तुलनको आधार पनि हो।

६. सामुदायिक वन व्यवस्थापन

सामुदायिक वन व्यवस्थापन भनेको स्थानीय समुदायको सक्रिय सहभागितामा वनको संरक्षण, उपयोग र विकास गर्ने प्रक्रिया हो। यस प्रणालीमा वन नजिकै बसोबास गर्ने समुदायलाई वन क्षेत्रको प्रत्यक्ष जिम्मेवारी दिइन्छ, जसबाट उनीहरूले दिगो रूपमा वन स्रोतहरूको उपयोग गर्न सक्छन्। समुदायले वनको हेरचाह, वृक्षारोपण, घाँस दाउरा संकलन, र अवैध कटानी रोक्ने सम्मका कामहरू गर्छन्। यसले वन संरक्षण मात्र होइन, समुदायको जीवनस्तर उकास्न, स्वरोजगार सिर्जना गर्न र वातावरणीय सन्तुलन कायम राख्न पनि महत्वपूर्ण भूमिका खेल्दछ। सरकारी निकायको सहकार्यमा सञ्चालन गरिने यो प्रणालीले स्थानीय तहमा स्वामित्वको भावना विकास गरी वनप्रति उत्तरदायित्व बढाएको छ।

६.१ कोहलपुर नगरपालिकामा रहेका सामुदायिक वनको विवरण

क्र.सं	समूहको नाम	ठेगाना	वन हस्तान्तरण मिति	क्षेत्रफल (हे.)	घरधुरी
१	सृष्टि सा.व.उ.स.	कोहलपुर-११, बाँके	२०६२\१२/२०	८२.०६	१३०
२	हरियालि सा.व.उ.स	कोहलपुर-१०, बाँके	२०६०/१२/१५	१२३.८५	२५०
३	रानी सा.व.उ.स	कोहलपुर-१०, बाँके	२०६०/१२/१५	२०४.३	३००
४	रामजानकी सा.व.उ.स	कोहलपुर, बाँके	-	२१.४३	८२
५	सिर्जना सा.व.उ.स	कोहलपुर-१२, बाँके	२०५३/११/१६	५८.२	१३७
६	प्रगतिशिल सा.व.उ.स	कोहलपुर-१३, बाँके	२०६०/१२/१६	८६.३४	३०३
७	सिद्धिविनायक सा.व.उ.स	कोहलपुर-२, बाँके	२०५५/१०/१८	१५	१५१
८	सितलछाँया सा.व.उ.स	कोहलपुर-८, बाँके	२०७४/११/१५	२०४.१६	१३७
९	विन्ध्यावासिनि सा.व.उ.स	कोहलपुर-८, बाँके	२०५४/११/०५	१२५	१९६
१०	ज्योति सा.व.उ.स	कोहलपुर-८,बाँके	२०५५/१/३१	३१५.१८	४३०
११	उषा हरियाली सा.व.उ.स	कोहलपुर-०९, बाँके	२०६१/५/१६	४४८.८७	७२३
१२	आस्था सा.व.उ.स	कोहलपुर-०७, बाँके	२०७८/११/१३	६१.६८	८०
१३	वागेश्वरी सा.व.उ.स	कोहलपुर-०७, बाँके	२०७८/०१/०८	१९१	३६०
१४	सरस्वति सा.व.उ.स	कोहलपुर-११ र १२, बाँके	२०५९/११/०२	१५९.२	३५३
१५	शक्ति सा.व.उ.स	कोहलपुर-०७, बाँके	२०६२/१२/२३	१४५.७	१३२
१६	आरति सा.व.उ.स	कोहलपुर-०७, बाँके	२०६३/६/१०	१२२.६	१०४
१७	पार्वतिपुर सा.व.उ.स	कोहलपुर-१४, बाँके	२०६१/१०/१२	१०२.६	१६५
१८	मितेरी सा.व.उ.स	कोहलपुर-०६, बाँके	२०५७/०३/२९	२४५.६	३४५
१९	वैजनाथपुर सा.व.उ.स	कोहलपुर-१४ र १५, बाँके	२०५५/२/२५	७२.९३	२६८
२०	लक्ष्मि हरियालि सा.व.उ.स	कोहलपुर-१४ र १५, बाँके	२०६७/१/२७	३०७.१	७३०
२१	जय सरस्वति सा.व.उ.स	कोहलपुर, बाँके	२०६२/१५/१७	२३६.७	४५४

६.२ कोहलपुर न.पा. भित्र रहेका मध्यवर्ती सामुदायिक वन

क्र.स	मध्यवर्ती सा.व.उ.स.	ठेगाना	क्षेत्रफल (हे.)
१	बहिनि खोला सा.व.उ.स	कोहलपुर-५, भरैया	७६.१४
२	शहिद सम्झना सा.व.उ.स	कोहलपुर-१२	२७.२७
३	दहित हित सा.व.उ.स	कोहलपुर-१२	१२९
४	मनकामना सा.व.उ.स	कोहलपुर-५	८०.३८
५	कालाखोला सा.व.उ.स	कोहलपुर	९२.६८
६	बुलबुले सा.व.उ.स	कोहलपुर-५, भरैया	२४५.४
७	रक्षा सा.व.उ.स	कोहलपुर-१२	५५.८५
८	मुसुरीखेत सा.व.उ.स	कोहलपुर-१२	४९.४९
९	नमुना सा.व.उ.स	कोहलपुर-१३	१४६.४
१०	महिला उपकार सा.व.उ.स	कोहलपुर-१२	३७.३१
११	भेरी सा.व.उ.स	कोहलपुर-१२र१३	३४.९३
१२	रानी घाट सा.व.उ.स	कोहलपुर-१३	१८४.८
१३	जनकल्यान सा.व.उ.स	कोहलपुर-१३	१८४.१
१४	सुर्यमुखी सा.व.उ.स	कोहलपुर-१३	२३.४६
१५	जनआस्था सा.व.उ.स	कोहलपुर-१२	१४२.७
१६	जनजाती सा.व.उ.स	कोहलपुर	२.६८
१७	जनएकता सा.व.उ.स	कोहलपुर-२	४८०.७

६.३ स्थानीय प्रयासहरू

कोहलपुर नगरपालिकामा अवस्थित सामुदायिक वनहरुले जैविक विविधताको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। स्थानीय वन उपभोक्ता समूहहरू द्वारा वन व्यवस्थापन र संरक्षणका प्रयासहरू जारी छन्। निजि तथा सार्वजनिक जग्गामा बृक्षारोपण अनुदान र जैविक विविधता सम्बन्धि विद्यालयमा अनुशिक्षण कार्यक्रम सञ्चारलनमा छन । सार्वजनिक जग्गाको व्यवस्थापनका लागि समुह गठन गरि बृहत वृक्षारोपण कार्यक्रम संचालनमा छ । डुडुवा खोला तटीय क्षेत्रमा बाँस लगायतका प्रजातिहरु लगाई कटान नियन्त्रण गरिएको छ। त्यसैगरी स्थानीय पाठ्यक्रममा समेत जैविक विविधता संरक्षण सम्बन्धि शिर्षकलाई समेटिएको छ।

६.३.१ निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रम

वातावरणीय सुधारका लागि यहाँ निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको छ। यस अन्तर्गत फलफूल, छायाँ दिने रूख, तथा औषधिय वनस्पतिहरू रोपिने गर्दछन। वृक्षारोपण, हावा शुद्धीकरण, माटोको संरक्षण तथा हरियाली प्रवर्द्धन तथा कार्बन उत्सर्जन न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ।

तालिका २. दर्ता भएका निजि वनहरु (हालसम्म)

क्र. स.	निजि वन	प्रमाण पत्र न.	दर्ता मिति
१	श्री सौरभ आएल एण्ड एग्रो इण्ड्रीष्ट्रिज, को.न.पा. १०, बाँके	०१	२०८०/४/१४
२	श्री विकास फुड प्रोडक्टस प्रा.लि. को.न.पा. १४, बाँके	०२	२०८०/०४/१४
३	श्री फुलबारी निजि वन, को.न.पा. ०४, बाँके	०३	२०८१/०३/११

६.३.२ फोहोरमैला व्यवस्थापन

सफा र स्वच्छ वातावरण कायम राख्न कोहलपुर नगरपालिकाले फोहोरमैला व्यवस्थापन प्रणाली लागू गरेको छ । यस अन्तर्गत नगरमा संकलन, वर्गीकरण, प्रशोधन तथा अन्तिम व्यवस्थापनका लागि विभिन्न प्रविधि र उपायहरूको प्रयोग गरिएको छ। पुन: प्रयोग, रिसाइकलिंग, तथा जैविक फोहोरलाई कम्पोस्ट मलमा परिणत गर्ने प्रयासहरू गरिएका छन् । नगरभित्र दैनिक रूपमा संकलन गरिने फोहोरलाई जैविक र अजैविक रूपमा छुट्याउने अभ्यासलाई प्रवर्द्धन गरिएको छ। साथै, समुदायमा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गरिन्छ।

विद्यालय, आमा समूह, युवा क्लब र स्थानिय नागरिकलाई लक्षित गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । फोहोरमैला व्यवस्थापनको जिम्मा सार्वजनिक, निजी साझेदारी मोडेल (PPP Model) अन्तर्गत बि.स. २०७६ सालमा सम्झौता गरी जटायु रिसाइक्लर प्रा.लि. लाई दिइएको छ। जटायुले घर-घरमै फोहोर संकलन, वर्गीकरण, र प्रशोधनको काम गर्दै आएको छ। हालसम्म नगरपालिकामा कम्पोस्ट प्लान्ट स्थापना भइसकेको छ र रीसाइकल योग्य फोहोरको बजार व्यवस्थापनसमेत गरिएको छ । यसरी नगरपालिकाले वातावरण संरक्षण, जनस्वास्थ्य सुधार, तथा स्रोतको पुन:प्रयोगलाई प्रवर्द्धन गर्दै दिगो फोहोरमैला व्यवस्थापन प्रणाली अपनाएको छ।

६.३.३ वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परिक्षण

नयाँ विकास परियोजनाहरू अघि बढाउँदा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरिन्छ। यसले विकास गतिविधिहरू वातावरण मैत्री बनाइ राख्न तथा दीर्घकालीन पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुर्‍याउँछ।

६.३.४ सार्वजनिक पोखरी संरक्षण

नगरपालिका भित्र रहेका पोखरी, ताल, तथा अन्य जलस्रोतहरूको संरक्षणमा विशेष ध्यान दिइएको छ। पोखरी संरक्षणले जैविक विविधता, भूमिगत पानीको मात्रा, तथा मत्स्यपालनलाई सुदृढ

पार्छ। पोखरीहरू पुनः निर्माण तथा सरसफाइ कार्यक्रमहरू सञ्चालन गरिन्छ।

६.३.५ सडक किनारा वृक्षारोपण

सडक किनाराहरूमा वृक्षारोपण गर्दा धुलोधुवाँ नियन्त्रण, हरियाली प्रवर्द्धन, तथा सौन्दर्य अभिवृद्धि भएको छ । साथै, वृक्षहरूले तापक्रम सन्तुलनमा सहयोग पुऱ्याउने भएकाले स्थानीय पर्यावरण सुधारमा सकारात्मक असर पारेको छ।

६.३.६ ग्रिन बेल्ट निर्माण

कोहलपुर नगरपालिकाले ग्रिन बेल्ट निर्माणलाई प्राथमिकता दिएको छ, जसले हरियाली प्रवर्द्धन गर्दै वातावरणीय तापक्रम नियन्त्रण गर्न मद्दत गर्छ। ग्रिन बेल्टमार्फत प्राकृतिक सौन्दर्यको संरक्षण गर्दै मानव बसोबासलाई अझ स्वस्थ बनाउने प्रयास गरिन्छ। कोहलपुरमा रिङरोड क्षेत्र, मुख्य सडक छेउका खाली जमिन, सार्वजनिक स्थलहरू, विद्यालय परिसर, अस्पताल, सरकारी कार्यालय आसपास, तथा नदी किनाराहरूलाई लक्षित गरी वृक्षारोपण र हरियाली क्षेत्र विकास गरिँदै आएको छ। विशेषतः छायाँ दिने र प्रदूषण सोस्ने क्षमतायुक्त प्रजातिहरू जस्तैः सिसौ, खयर, बकाइनो, अम्बा, अशोक, गुलमोहर, र यूकेलिप्टस–जस्ता बोटहरू रोप्ने कार्य गरिएको छ। नगरपालिकाले सामुदायिक सहभागिता, विद्यालयहरू, युवा क्लब, र स्थानीय संघसंस्थासँग सहकार्य गर्दै वृक्षारोपण अभियान सञ्चालन गर्दै आएको छ। साथै, ग्रीन बेल्ट क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक नीति तथा कार्ययोजना समेत तयार पारिने प्रक्रिया अगाडि बढाइएको छ । यसरी, ग्रिन बेल्ट निर्माण कार्यक्रम कोहलपुर नगरपालिकाको दिगो सहरी विकास र जलवायु अनुकूलनको आधारशिला बन्न सक्ने सम्भावना रहेको छ।

६.३.७ पानीको मुहान संरक्षण

पानीको मुहानहरूको दीर्घकालीन उपयोग सुनिश्चित गर्न संरक्षण तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिन्छ । माटो संरक्षण, वृक्षारोपण, तथा जैविक विविधताको प्रवर्द्धनद्वारा मुहानको पानीको सतह स्थिर राख्न सहयोग गरिन्छ।

६.३.८ सिमसार क्षेत्र व्यवस्थापन

सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन वातावरणीय स्थिरताको लागि महत्वपूर्ण छ। यहाँ जैविक विविधता समृद्ध पार्न, जलचर तथा पक्षी प्रजातिहरूलाई अनुकूल वातावरण प्रदान गर्न, तथा स्थानीय पानी व्यवस्थापन सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिन्छ।

कोहलपुर नगरपालिकाले वातावरण संरक्षणलाई दीर्घकालीन तथा व्यवस्थित रूपमा अघि बढाइरहेको छ । यी प्रयासहरूले स्थानीय वातावरणीय सन्तुलन कायम राख्दै जैविक विविधताको संरक्षण तथा समाजको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ। उचित संरक्षण नीति तथा वातावरणीय सचेतनाले दीर्घकालसम्म स्वस्थ तथा हरियाली वातावरण सुनिश्चित गर्नेछ।

७. जलश्रोत सम्बन्धी विवरण

कोहलपुर नगरपालिका प्राकृतिक रूपमा जलस्रोतमा धनी क्षेत्र हो। यस नगरपालिका क्षेत्रको करिब ६० किलोमिटर क्षेत्रमा डुडुवाखोला, किरणनाला, सानो डुडुवानाला, इटानाला, रोहीणीखोला, रानीघाट लगायतका खोलाहरु बग्ने गर्दछन्। भूतैया ताल, जोरत्ते टप्पर, जोरत्ते सिमसार क्षेत्र र ताल यस नगरपालिकामा रहेका तातलैयाहरु हुन । कोहलपुर नगरपालिकामा प्रमुख जलश्रोतको रुपमा कलधारा, पाइप प्रणाली, ह्यान्डपम्प, ट्युवेल तथा बोरिङ प्रयोग गरिन्छ । हाल करिब ७४% घरपरिवारले सार्वजनिक कलधाराबाट पानी लिने गरेका छन् भने करिब २४% घरमा वा वरपर नै पाइप जडान गरिएको छ। झन्डै २% घरपरिवारले डिप बोरिङबाट र ३१% ले ह्यान्डपम्प तथा ट्युवेलबाट पानी प्रयोग गर्ने गर्छन् । नगरपालिकाले खानेपानीको गुणस्तर सुधारका लागि मिनि प्रयोगशालाको माध्यमबाट धमिलोपन, PH, आर्सेनिक, इ. कोलाई लगायतका १६-१८ प्रकारका नियमित परीक्षण सञ्चालन गर्दै आएको छ। यस्ता उपायहरूले पानीको पहुँच र सुरक्षित उपभोगमा सुधार ल्याएको देखिन्छ, तर अझै सबै वडामा पाइप वितरण विस्तार र वैकल्पिक स्रोतहरूको सुरक्षितता सुनिश्चित गर्न आवश्यक छ। यस्ता योजनाहरूमा स्थानीय उपभोक्ता समिति, प्रदेश र संघीय सरकारबीच सहकार्य रहेको छ। जलस्रोतको दिगो उपयोग र संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गर्दै, कोहलपुर नगरपालिका दिगो विकासतर्फ अघि बढिरहेको छ।

तालिका ३. कोहलपूर नगरपालिका भित्रका रहेका ताल, नदी तथा सिमशारहरु

खोलाहरु	ताल तथा नदि	सिमसार क्षेत्र
डुडुवा खोला, किरणनाला, सानो डुडुवानाला, इटानाला, रोहीणी खोला, अधेरी खोला, रानीघाट खोला	भूतैया ताल (वडा ७), जोरत्ते टप्पर, जोरत्ते ताल (वडा १३) र ठूला चौर ताल (वडा २)	जोरत्ते सिमसार क्षेत्र (वडा १३) र गिर्देनि सिमसार क्षेत्र (वडा २)

स्रोतः फील्ड तथ्यांक संकलन २०८२

८. जैविक विविधताको महत्व र संरक्षण चुनौतीहरू

कोहलपुर नगरपालिकाको जैविक विविधता यस क्षेत्रको पर्यावरणीय सन्तुलन कायम गर्न, स्थानीय समुदायको आर्थिक तथा सांस्कृतिक जीवनलाई समृद्ध बनाउन, र पारिस्थितिक प्रणालीलाई स्थायी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। यहाँ पाइने विभिन्न प्रकारका वनस्पति, जनावर, चराचुरुंगी तथा अन्य जीवजन्तुहरूले स्थानीय पारिस्थितिक प्रमाणीलाई सुदृढ बनाउँदै वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्छन्।

८.१ पर्यावरणीय सन्तुलनको संरक्षणमा

जैविक विविधता प्राकृतिक आहार शृंखला (food chain) र पारिस्थितिक चक्र (ecosystem cycle) को सन्तुलनमा योगदान दिन्छ। परागसम्भरण (Pollination), बीउको फैलावट, माटोको संरक्षण, जलचक्र जस्ता कार्यहरू जैविक प्रणालीको विविधताले नै सम्भव बनाउँछ।

८.२ आर्थिक दृष्टि

कृषिमा प्रयुक्त जातजातिहरू (धान, मकै, तरकारीका विविध जातहरू), पशुपालन, माछापालन आदिको उत्पादन विविधताले भरिएको हुन्छ। वनस्पतिमा आधारित औषधि, काठ, खाद्य वस्तु आदिको व्यापारले रोजगार र आम्दानी सिर्जना गर्छ।

८.३ औषधिय स्रोतको रूपमा

आयुर्वेददेखि आधुनिक औषधिसम्म अधिकांश औषधिहरू वनस्पति र जीवजन्तुमा आधारित हुन्छन्। नयाँ रोगहरूको उपचार पत्ता लगाउन जैविक विविधता अध्ययन अत्यन्त आवश्यक हुन्छ।

८.४ खाद्य सुरक्षाको लागि

जैविक विविधताले विभिन्न पर्यावरणीय अवस्थाहरूमा टिक्न सक्ने बाली र प्रजातिहरू उपलब्ध गराउँछ, जसले खाद्य उत्पादनलाई सुरक्षीत बनाउँछ।

८.५ संस्कृति र परम्पराको संरक्षणमा

धेरै धार्मिक, सांस्कृतिक, औंलने र स्थानीय परम्परा जैविक विविधतासँग जोडिएका हुन्छन् (जस्तै तुलसी, पीपल, गाई आदि)।

८.६ जलवायु परिवर्तनको सामना गर्न

विविध प्रजातिहरूले विभिन्न किसिमका जलवायु अवस्थामा बाँच्न सक्ने क्षमता राख्दछन्। यसले भविष्यको जलवायु संकट सामना गर्न सहयोग पुर्‍याउछ। जैविक विविधता कृषि तथा वन पैदावारका लागि समेत लाभदायक छ, किनभने यसले माटोको उर्वराशक्ति बढाउने, प्राकृतिक कीट नियन्त्रण गर्ने तथा उत्पादन प्रणालीलाई दीर्घकालीन रूपमा टिकाउन मद्दत पुर्यानउँछ। यस्तै, जैविक विविधता पर्यटनका दृष्टिकोणले पनि महत्त्वपूर्ण छ। कोहलपुर नगरपालिकामा पाइने विभिन्न वन्यजन्तु तथा चराचुरुंगीले पर्यटकहरूलाई आकर्षित गर्ने हुँदा यसले स्थानीय समुदायको आर्थिक विकासमा टेवा पुर्‍याउन सक्छ। साथै यहाँको जैविक विविधता स्थानीय संस्कृतिमा गहिरो रूपमा जरा गाडेको छ। धेरै वनस्पति तथा जनावर स्थानीय समुदायको धार्मिक, सांस्कृतिक तथा परम्परागत मान्यतासँग जोडिएका छन्, जसले जनताको जीवनशैलीलाई प्रभाव पार्छ।

८.७ जैविक विविधताको संरक्षणका चुनौतीहरू

जैविक विविधता संरक्षणमा चुनौतीहरू गम्भीर छन्, तर ती हल गर्न नसकिने होइनन्। स्थानीय सहभागिता, सशक्त नीति, प्रभावकारी कार्यान्वयन, र वैज्ञानिक अनुसन्धान मार्फत यी चुनौतीहरूको सामना गर्न सकिन्छ। जैविक विविधता संरक्षण भनेको केवल प्रकृति बचाउने कुरा होइन, यो मानव जीवन बचाउने प्रयास हो।

☞ वन विनाश र अवैध दोहन

तीव्र शहरीकरण, कृषि विस्तार, र घना वन क्षेत्रको कटानीले जैविक आवास (habitat) नष्ट गर्दै लगेको छ। दुर्लभ वनस्पति, काठ र जनावरहरूको अवैध तस्करी तथा दोहनले जैविक विविधतामा प्रत्यक्ष असर पार्छ।

☞ जनसंख्या वृद्धि र जमिनको अत्यधिक प्रयोग

बढ्दो जनसंख्याका कारण बासस्थान, खाना, पानी र ईन्धनको माग बढिरहेको छ। फलस्वरूप, कृषिको नाममा जङ्गल फँडानी, सिमसार सुकाउने, र जलश्रोतहरू प्रदूषित पारिने काम भइरहेको छ।

☞ प्रदूषण (माटो, पानी, हावा)

कीटनाशक, रासायनिक मल र औद्योगिक फोहोरले प्राकृतिक पर्यावरणमा विषाक्तता फैलाउँछ। जलस्रोतमा फालिएका रसायनहरूले माछा, झिंगा लगायत जलचरहरूको अस्तित्वलाई संकटमा पार्छ।

☞ **जलवायु परिवर्तन**

असमान वर्षा, अत्यधिक गर्मी वा चिसो, हिउँ पग्लिने, समुद्री सतह बढ्ने आदि परिवर्तनले जैविक आवासमा प्रभाव पारिरहेको छ। धेरै प्रजातिहरू आफ्नो बासस्थान अनुकूल बनाउन नसकी लोप हुने अवस्थामा पुग्छन्।

☞ **विदेशी प्रजातिको आक्रमण** (Invasive Species)

बाहिरी देशरक्षेत्रबाट आएका केही वनस्पति वा जनावरहरूले स्थानीय प्रजातिलाई विस्थापित गर्छन् जस्तैः झारको रूपमा "मुसा झार")। यसले स्थानीय जैविक सन्तुलन भत्काउँछ।

☞ **नीतिगत कमजोरी र कार्यान्वयनको अभाव**

जैविक विविधता सम्बन्धी नीति भए तापनि कार्यान्वयनमा कमजोरी छ। स्थानीय तहमा स्रोत, प्रविधि, जनशक्ति र जनचेतनाको अभावले संरक्षण कार्य कमजोर भएको छ।

९. निष्कर्ष

कोहलपुर नगरपालिका वन, कृषि, जैविक विविधता, धार्मिक स्थलहरू तथा नदीजन्य स्रोतहरूको दृष्टिकोणले अत्यन्त समृद्ध क्षेत्र हो। यहाँ पाइने सालको वन र साल तराई हार्डउड वन प्रणाली अन्तर्गत पर्दछ, जहाँ मुख्य रूपमा साल, अस्ना, वर्रो, कर्मा, जामुन, बाँझी जस्ता बहुमूल्य वनस्पति प्रजातिहरू पाइन्छन्। साथै, अमला, बोझो, भ्याकुर, नीम लगायतका बहुउपयोगी तथा औषधीय वनस्पतिहरूले परम्परागत स्वास्थ्य प्रणालीमा योगदान पुऱ्याउदै आएका छन्। नगर भित्र जैविक विविधताको अर्को पक्ष जनावरहरूको विविधता हो, जसमा स्तनधारी जनावरहरू, विभिन्न जातका चराचुरुङ्गी, सरिसृप तथा अन्य बन्यजन्तुहरू पाइन्छन्। यिनको संरक्षणका लागि केही क्षेत्रहरूलाई सुरक्षित वन क्षेत्र वा सामुदायिक वनका रूपमा व्यवस्थित गरिएको छ।

कृषि जैविक विविधताको सन्दर्भमा, कोहलपुरमा धान, गहुँ, मकै, कोदो, गहूँ, आलु, तरकारी, तथा विभिन्न फलफूलहरूको खेती हुँदै आएको छ। कृषिमा परम्परागत तथा आधुनिक दुवै प्रविधिहरूको प्रयोग हुने गरेको छ। साथै, पशुपालन र मत्स्यपालन जस्ता कृषि सम्बद्ध क्रियाकलापहरूले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। सामुदायिक वनहरूको संरक्षण तथा व्यवस्थापनमा स्थानिय समूहहरूको सक्रिय सहभागिता छ। यसले वन स्रोतहरूको दीर्घकालीन उपयोग, जैविक विविधताको संरक्षण, र वातावरणीय सन्तुलनमा सकारात्मक प्रभाव पारेको छ।

यद्यपि, वन विनाश, नदी कटान, कृषि प्रणालीमा विविधता घट्दै जानु, तथा स्थानीय स्रोतहरूको अपर्याप्त र असक्षम उपयोग जस्ता चुनौतीहरू विद्यमान छन्। यी समस्याको समाधानका लागि दीर्घकालीन सोच, नीति निर्माण, प्रविधिमैत्री अभ्यास, तथा जनस्तरबाट सचेतना र सहकार्य आवश्यक छ।

अन्ततः, कोहलपुर नगरपालिका जैविक विविधताको दृष्टिकोणले केवल समृद्ध मात्र होइन, संवेदनशील पनि भएकाले यसको संरक्षण र व्यवस्थापनलाई स्थानीय नीति, योजना, र कार्यक्रमहरूमा प्राथमिकताका साथ स्थान दिनु जरुरी छ।

१०. सुझावहरू

- ☞ कृषि प्रणालीमा परम्परागत बाली र जातहरू (जस्तैः स्थानीय धान, मकै, तरकारी प्रजाति) को संरक्षण र प्रवर्द्धनमा जोड दिनु।
- ☞ बिउ बैंक (Seed Bank) तथा जिन बैंक (Gene Bank) स्थापना गरी दुर्लभ र लोपोन्मुख प्रजातिको बीउ संकलन र वितरण गर्न सकिने व्यवस्था मिलाउने।
- ☞ कृषि वन प्रणालीलाई जोड दिने, विद्यालयहरूमा "जैविक विविधता शिक्षा" कार्यक्रम सञ्चालन गर्ने।
- ☞ स्थानीय जनसमुदायमा पोस्टर, नाटक, भिडियो, रेडियो कार्यक्रममार्फत जैविक सम्पदाको महत्वबारे चेतना अभिवृद्धि गर्ने।
- ☞ डढेलो नियन्त्रण तथा माटो उत्खनन रोक्न कडाइका साथ कार्यान्वयन गर्ने।
- ☞ नदी र खोल्साका किनार क्षेत्रहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी सुक्खा क्षेत्रको पुनः स्थापना गर्ने।
- ☞ जैविक विविधतायुक्त क्षेत्रहरूमा पर्यटक आकर्षणका कार्यक्रमहरू विकास गरी संरक्षणसँगै आर्थिक समृद्धि पनि सुनिश्चित गर्ने।
- ☞ नगरपालिकाको वार्षिक तथा पञ्चवर्षीय योजनामा जैविक विविधता संरक्षणसम्बन्धी स्पष्ट कार्यक्रम र बजेट सुनिश्चित गर्ने।
- ☞ "जैविक विविधता संरक्षण रणनीति" तयार गरी सोही अनुरूप कार्यक्रमहरू सञ्चालन गर्ने।
- ☞ स्थानीय शैक्षिक संस्था वा विज्ञ समूहको सहकार्यमा जैविक विविधताको अवस्था विश्लेषण तथा डाटा संकलन गर्ने।
- ☞ जैविक सम्पदामा भइरहेका परिवर्तनको नियमित अनुगमन गरी आवश्यक सुधार गर्ने।
- ☞ फ़ोहारमैला व्यवस्थापनमा बिशेष पहल दिने तथा दिगो वातावारणीय मेला लगाई स्थानीय उधमहरुलाई प्रोत्साहन गर्ने।

अनुसुची १ चराका प्रजातिहरु

सि.न.	नेपाली नाम	अङ्ग्रेजी नाम	बैज्ञानिक नाम
१	कालो तित्रा	Black Francolin	*Francolinus francolinus*
२	घुँगिफोर गरुड	Asian Openbill	*Anastomus oscitans*
३	लोभीपापी गरुड	Woolly-necked Stork	*Ciconia episcopus*
४	कालो टाँउको बकुल्लो	Black Stork	*Ciconianigra*
५	सानो ठुँग्रो बकुल्लो	Lesser Adjutant	*Leptoptilosjavanicus*
६	रातो घाटी बकुल्लो	Red-naped Ibis	*Pseudibispapillosa*
७	ठूलो बकुल्ला	Great Bittern	*Botaurusstellaris*
८	डोब बकुल्लो	Indian Pond Heron	*Ardeolagrayii*
९	खैरो बकुल्ला	Grey Heron	*Ardeacinerea*
१०	सेतो बकुल्लो	Cattle Egret	*Bubulcus ibis*
११	सानो बकुल्ला	Little Egret	*Egrettagarzetta*
१२	मध्यम बकुल्ला	Intermediate Egret	*Ardeaintermedia*
१३	सानो जलकौवा	Little Cormorant	*Microcarboniger*
१४	ठूलो जलकौवा	Great Cormorant	*Phalacrocoraxcarbo*
१५	सामान्य चील	Common Kestrel	*Falco tinnunculus*
१६	कालो चील	Black Kite	*Milvusmigrans*
१७	कालो पंख भएको चील	Black-winged Kite	*Elanuscaeruleus*
१८	इजिप्सियन गिद्ध	Egyptian Vulture	*Neophronpercnopterus*
१९	सेतो पिठ्युँ गिद्ध	White-rumped Vulture	*Gyps bengalensis*
२०	पातलो ठुंडी भएकोगिद्ध	Slender-billed Vulture	*Gyps tenuirostris*
२१	हिमाली गिद्ध	Himalayan Vulture	*Gyps himalayensis*
२२	ग्रिफन गिद्ध	Griffon Vulture	*Gyps fulvus*
२३	सिनेरियस गिद्ध	Cinereous Vulture	*Aegypiusmonachus*
२४	रातो टाउको गिद्ध	Red-headed Vulture	*Sarcogypscalvus*
२५	शिक्रा	Shikra	*Accipiter badius*
२६	हनी बजार्ड	Oriental Honey-buzzard	*Pernisptilorhynchus*
२७	सेतो आँखा बजार्ड	White-eyed Buzzard	*Butasturteesa*
२८	स्टेप इगल	Steppe Eagle	*Aquila nipalensis*
२९	बुटेड इगल	Booted Eagle	*Hieraaetuspennatus*
३०	सेतो छाती भएको पानिकोचर	White-breasted Waterhen	*Amaurornisphoenicurus*
३१	सारस	Sarus Crane	*Antigone antigone*
३२	रातो डम्म भएको लापविङ	Red-wattled Lapwing	*Vanellusindicus*
३३	हरियो चरी	Green Sandpiper	*Tringaochropus*
३४	परिवर्तनीय परेवा	Common Pigeon	*Columba livia*

३५	घाँटीमा पट्टि भएकोपरेवा	Eurasian Collared Dove	*Streptopeliadecaocto*
३६	अलेक्जान्ड्रिन सुगा	Alexandrine Parakeet	*Psittaculaeupatria*
३७	गोलो औंठी सुगा	Rose-ringed Parakeet	*Psittaculakrameri*
३८	बेरिल सुगा	Plum-headed Parakeet	*Psittaculacyanocephala*
३९	कोइली	Asian Koel	*Eudynamysscolopaceus*
४०	ठूलो कोकलो	Greater Coucal	*Centropussinensis*
४१	ज्याकोबिन कोयल	Jacobin Cuckoo	*Clamatorjacobinus*
४२	हक कोयल	Common Hawk-cuckoo	*Hierococcyxvarius*
४३	भारतीय कोयल	Indian Cuckoo	*Cuculusmicropterus*
४४	हरियो मौरी चर	Green Bee-eater	*Meropsorientalis*
४५	निलो पुच्छर मौरी चर	Blue-tailed Bee-eater	*Meropsphilippinus*
४६	रातो टाउको मौरी चर	Chestnut-headed Bee-eater	*Meropsleschenaulti*
४७	धब्बेदार उल्लु	Spotted Owlet	*Athenebrama*
४८	सेतो घाँटी किङ्गफिशर	White-throated Kingfisher	*Halcyon smyrnensis*
४९	रोलर	Indian Roller	*Coraciasbenghalensis*
५०	टुकी	Coppersmith Barbet	*Psilopogonhaemacephalus*
५१	हुपो	Common Hoopoe	*Upupaepops*
५२	ग्रे हॉर्नबिल	Grey Hornbill	*Ocycerosbirostris*
५३	यूरेसियन व्राइनेक	Eurasian Wryneck	*Jynxtorquilla*
५४	पिग्मी वुडपेक्कर	Brown-capped Pygmy Woodpecker	*Yungipicusnanus*
५५	सुनौलो पिठ्यु कठफोडा	Goldenback	*Dinopiumbenghalense*
५६	ठूलो कक्कट सुरिलो	Large Cuckooshrike	*Coracinamacei*
५७	कालो पखेटा कक्कटसुरिलो	Black-winged Cuckooshrike	*Lalagemelaschistos*
५८	लामो पुच्छर स्राइक	Long-tailed Shrike	*Laniusschach*
५९	सुनौलो ओरिओल	Golden Oriole	*Oriolusoriolus*
६०	कालो टाउको ओरिओल	Black-hooded Oriole	*Oriolusxanthornus*
६१	कालो ड्रोंगो	Black Drongo	*Dicrurusmacrocercus*
६२	ठूलो लामो पुच्छरड्रोंगो	Greater Racket-tailed Drongo	*Dicrurusparadiseus*
६३	स्वर्गीय फ्लाइक्याचर	Asian Paradise-flycatcher	*Terpsiphoneparadisi*
६४	रुफस ट्रीपाइ	Rufous Treepie	*Dendrocittavagabunda*
६५	कालो भँगेरो	Large-billed Crow	*Corvusmacrorhynchos*
६६	घर भँगेरो	House Crow	*Corvussplendens*
६७	खोरिया चरा	Barn Swallow	*Hirundorustica*
६८	रातो पुछार बुलबुल	Red-vented Bulbul	*Pycnonotuscafer*
६९	रातो गाला बुलबुल	Red-whiskered Bulbul	*Pycnonotusjocosus*
७०	कालो बुलबुल	Black Bulbul	*Hypsipetesleucocephalus*

७१	दर्जी चरा	Common Tailorbird	*Orthotomussutorius*
७२	हरियो वार्बलर	Greenish Warbler	*Phylloscopustrochiloides*
७३	सात भाइ चरा	Jungle Babbler	*Argyastriata*
७४	जङ्गल मैना	Jungle Myna	*Acridotheresfuscus*
७५	सामान्य मैना	Common Myna	*Acridotherestristis*
७६	बैंक मैना	Bank Myna	*Acridotheresginginianus*
७७	धब्बेदार मैना	Asian Pied Starling	*Gracupica contra*
७८	ब्राह्मणी मैना	Brahminy Starling	*Sturniapagodarum*
७९	कालो घाँटी थ्रस	Black-throated Thrush	*Turdusatrogularis*
८०	निलो घाँटी चरा	Bluethroat	*Lusciniasvecica*
८१	चिलबिल चरा	Oriental Magpie Robin	*Copsychussaularis*
८२	कालो रातो पुच्छर चरा	Black Redstart	*Phoenicurusochruros*
८३	साधारण स्टोनच्याट	Common Stonechat	*Saxicolarubicola*
८४	राते झ्यालुक	Pied Bushchat	*Saxicolacaprata*
८५	ब्राउन टाइगाफ्लाईक्याचर	Brown-taiga Flycatcher	*Ficedulaalbicilla*
८६	रातो सुगाचरी	Crimson Sunbird	*Aethopygasiparaja*
८७	बैजनी सुगाचरी	Purple Sunbird	*Cinnyrisasiaticus*
८८	भारतीय चिउरी	Indian Silverbill	*Euodicemalabarica*
८९	खुर्के मुनिया	Scaly-breasted Munia	*Lonchurapunctulata*
९०	खैरो लामो पुच्छर चरा	Grey Wagtail	*Motacillacinerea*
९१	सेतो लामो पुच्छर चरा	White Wagtail	*Motacilla alba*
९२	खेत पिपिट	Paddyfield Pipit	*Anthusrufulus*
९३	ओलिभ ब्याक्ड पिपिट	Olive-backed Pipit	*Anthushodgsoni*
९४	गोरु चरा	House Sparrow	*Passer domesticus*
९५	भूरा काँध भएकोपेट्रोनिया	Chestnut-shouldered Petronia	*Gymnorisxanthocollis*
९६	झ्यालुक बंटिङ	Crested Bunting	*Emberizalathami*
९७	सादा मार्टिन	Plain Martin	*Ripariapaludicola*
९८	रातो पुछर भएको स्वालो	Red-rumped Swallow	*Cecropisdaurica*
९९	सेतो भौंर भएकोफ्यान्टेल	White-browed Fantail	*Rhipiduraaureola*
१००	सेतो पेट भएको ड्रोंगो	White-bellied Drongo	*Dicruruscaerulescens*
१०१	कालो टाउके मुनिया	Black-headed Munia	*Lonchuramalacca*
१०२	डोके थुम्के	Oriental Turtle Dove	*Streptopeliaorientalis*
१०३	खैरो पिठ्यु चिरबिर	Grey-backed Shrike	*Laniustephronotus*
१०४	सुनमुखे थ्रस	Orange-headed Thrush	*Geokichlacitrina*
१०५	सारस क्रेन	Sarus Crane	*Grusantigone*

अनुसुची २ बन्यजन्तु प्रजातिहरु

सि.न.	नेपाली नाम	अङ्ग्रेजी नाम	बैज्ञानिक नाम
१	जंगली बिरालो	Jungle Cat	*Felischaus*
२	खरायो	Rabbit	*Lepusnigricolis*
३	फ्याउरो	Fox	*Vulpesbengalensis*
४	बदेल	Wild Boar / Pig	*Susscrofa*
५	रातो बादर	Rhesus Macaque	*Macacamulatta*
६	चित्तल	Spotted Deer / Chital	*Axis axis*
७	सानो निर बिरालो	Leopard Cat	*Viverriculaindica*
८	ढेणु वा लङ्गुर	Langur	*Semnopithecus entellus*
९	ठूलो न्याउरी मुसो	Large Indian Civet	*Herpestesedwardsii*
१०	लोखर्के	Squirrel	*Petauristapetaurista*
११	स्याल	Jackal	*Canisaureus*
१२	जुरे दुम्सी	Indian Crested Porcupine	Hystrixindica
१३	मलसाप्रो	Mongoose	*Martesflavigula*
१४	चमेरो	Bat	*Pteropusgiganteus*

स्रोतः बाँके राष्ट्रिय निकुञ्ज

अनुसुची ३ सरिसृपको विवरण

सि.नं.	नेपाली नाम	अङ्ग्रेजी नाम	बैज्ञानिक नाम
१	माउसुली	Lizard	*Hemidactylusfrenatus*
२	हरेउ सर्प	Green Pit Viper	*Trimeresurusalbolabris*
३	अजिङ्गर	Python	*Python molurus*
४	साधारण सर्प	Common Snake	*Boigatrigonata*
५	धामन सर्प	Rat Snake	*Ptyas mucosa*
६	भ्यागुता	Frog	*Ranatigrina*
७	छेपारो	Skink	*Calotesversicolor*
८	सुन गोहरो	Monitor Lizard	*Varanusflavescens*
९	खर्से भ्यागुता	Asian Toad	*Bufospp*
१०	ढकनि नरम खबटे कछुवा	Indian Softshell Turtle	*Lissemys punctate*
११	गोहोरो	Monitor Lizard	*Varanusspp*
१२	कछुवा	Turtle / Tortoise	*Pangshuratecta*
१३	गोमन सर्प	Cobra	*Najanaja*
१४	गड्यौला	Earthworm	*Oligochaeta*
१५	जुका	Leech	*Hirudinea*

स्रोत: बाँके राष्ट्रिय निकुञ्ज

अनुसुची ४ बन क्षेत्रमा पाइने रुख विरुवा विवरण

सि.नं.	नेपाली नाम	अङ्ग्रेजी नाम	बैज्ञानिक नाम
१	साल	Sal Tree	*Shorea robusta*
२	साज/अस्ना	Asna / Arjun Tree	*Terminalia tomentosa*
३	बोट धाईरो	Dhairo (Crepe Myrtle)	*Legerstroemia parviflora*
४	कर्मा	Karam Tree	*Adina cordifolia*
५	सिन्दुरे	Sindurey	*Mallotus phillippinensis*
६	राजवृक्ष	Golden Shower Tree	*Cassia fistula*
७	क्यामुन	Kyamun	*Cleistocalyxo perculatus*
८	सिसौ	Sissoo / North Indian Rosewood	*Dalbergia sissoo*
९	खयर	Catechu / Black Cutch	*Acacia catechu*
१०	अर्जुना	Arjun Tree	*Terminalia arjuna*
११	कुसुम	Kusum Tree	*Schleichera oleosa*
१२	टाँटरी	Tartary Buckwheat	*Dillenia pentagyna*
१३	जामुन	Indian Plum / Java Plum	*Syzygium cumini*
१४	बिजयसाल	Bijayasal / Indian Kino Tree	*Pterocarpus marsupium*
१५	भलायो	Marking Nut Tree	*Semecarpusana cardium*
१६	मसला	Cinnamon Tree	*Eucalyptus spp.*
१७	गुलमोहर	Gulmohar / Flame Tree	*Delonixregia*
१८	सिरिस	Siris Tree	*Albiziaprocera*
१९	बाझी	Bajhi	*Anogeissus latifolia*
२०	क्यासिया	Cassia	*Sennasiamea*
२१	पिपल	Peepal Tree / Sacred	*Ficus religiosa*

		Fig	
२२	बेल	Bael Tree / Wood Apple	*Aegle marmelos*
२३	असारे	Asare	*Aegle marmelos*
२४	सिमल	Silk Cotton Tree	*Bombax ceiba*
२५	हल्दु/कर्मा	Haldu / Karam	*Adina cordifolia*
२६	वर	Banyan Tree	*Ficus benghalensis*
२७	सतिसाल	Satinwood	*Dalbergia latifolia*
२८	समि	Shami Tree	*Ficus benjamina*
२९	चिउरी	Chiuri	*Diploknemabutyracea*
३०	लामपाते	Toona / Red Cedar	*Duabanga grandiflora*
३१	टिक	Teak	*Tectona grandis*
३२	बकाईनो	Bakaino / Persian Lilac	*Melia azedarach*
३३	कदम	Kadam Tree	*Neolamarckiacadamba*
३४	बाँस	Bamboo	*Himalaya calamus*

स्रोतः सब-डिभिजन वन कार्यालय, कोहलपुर

अनुसुची ५ नगरपालिका भित्र पाईने गैर-काष्ठ बनस्पतिहरु

सि.नं.	नेपाली नाम	अङ्ग्रेजी नाम	बैज्ञानिक नाम
१	बन तरुल	Wild Yam	*Dioscoreabulbifera*
२	अमला	Indian Gooseberry (Amla)	*phyllanthusemblica*
३	अम्रिसो	Broom Grass	*Thysanolaena maxima*
४	कुरिलो	Asparagus	*Asparagus racemosus*
५	निम	Neem	*Azadirachtaindica*
६	तेजपात	Bay Leaf	*Cinnamomumtamala*
७	पिपला	Long Pepper	*Piper longum*
८	सितलचिनि	Moringa	*Moringaoliefera*
९	बेत	Cane	*Calamustenius*
१०	बेल	Wood Apple (Bael)	*Aeglemarmelos*
११	चिउरी	Butter Tree	*Diploknemabutyracea*
१२	सिमल	Silk Cotton Tree	*Bombax ceiba*
१३	सिकाकाई	Soap Pod	*Acacia rugata*
१४	मेन्था	Mintha	*Mentha arvensis*
१५	तुलसी	Holy Basil (Tulsi)	*Ocimumtenuiflorum*

स्रोतः सब-डिभिजन वन कार्यालय, कोहलपुर

चित्र १. भूतैया ताल, वडा न. ०७, क्षेत्रफलः लगभग १ बिघा २ कट्ठा

चित्र २. रानिघाट खोला, वडा न. १३, खड्कवार

चित्र ३. नमूना जैविक जलाशय तथा पार्क, वडा न. १३, खड़कवार

चित्र ४. जोरते सिमसार क्षेत्र तथा ताल, वडा न. १३

चित्र ५. गिरदेनी चौर मंचान तथा सिमसार क्षेत्र, वडा न. २

चित्र ६. ठूला चौर ताल, वडा न. २

चित्र ७. बन्धवा ताल, वडा न. १५, चन्नहवा, क्षेत्रफल:३ बिघा

चित्र ८. ज्योति सामुदायिक सिमसार क्षेत्र, वडा न.०८, क्षेत्रफल: ३ हेक्टर

चित्र ९. ज्योति बिन्दाबासिनी ताल, वडा न. ०८

अनुसुची ७ क्षेत्रगत कामका केही झलकहरू

अनुसुची ८ विभिन्न बैठक र भ्रमणहरूमा सहभागी सरोकारवालाहरूको विवरण

क्र.स.	नाम थर	पद	संस्था/ कार्यालय
१.	उर्मिला चन्द	वन प्राबिधिक	कोहलपुर नगरपालिका, बाँके
२.	प्रेम प्रकाश बुढाथोकी	वातावरण अधिकृत	कोहलपुर नगरपालिका, बाँके
३.	बिर बहादुर थापा	नगर प्रहरी प्रमुख तथा शाखा प्रमुख	कोहलपुर नगरपालिका, बाँके
४.	राजेन्द्र रसाइली	नगर प्रहरी हवलदार	कोहलपुर नगरपालिका, बाँके
५.	बाल्मीकि थापा	नगर प्रहरी जवान	कोहलपुर नगरपालिका, बाँके
६.	ओम प्रकाश श्रेष्ठ	अध्यक्ष	मितेरी सामुदायिक वन, वडा ०७
७.	सुमन पौडेल	अध्यक्ष	सिर्जना सामुदायिक वन, वडा १२
८.	अमृता कुवर	सचिब	सिर्जना सामुदायिक वन, वडा १२
९.	खुम बहादुर डांगी	अध्यक्ष	जनकल्याण मध्यवर्ती वन, वडा १३
१०.	लाल बहादुर राना	सदस्य	सामुदायिक वन महासंघ, लुम्बिनी प्रदेश
११.	बल बहादुर बूढ़ा	कोषाध्यक्ष	जनएकता सामुदायिक वन, वडा २
१२.	बालकुमारी बूढ़ा	अध्यक्ष	चोरी सीकरी अभियान समिति, वडा २
१३.	जयहरी धिताल	रेंजर	बाँके राष्ट्रिय निकुंज, कोहलपुर
१४.	गणेश घर्तीमगर	अध्यक्ष	ज्योति सामुदायिक वन, वडा ८
१५.	लक्ष्मण माझी	नगर प्रहरी जवान	कोहलपुर नगरपालिका, बाँके
१६.	भोजेन्द्र बुढ़ा	प्रिन्सिपल	ने.रा.आ.बि. चन्नाहवा
१७.	दुर्गा थापा	नगर प्रहरी जवान	कोहलपुर नगरपालिका, बाँके

लेखक वा तयारीकर्ताको बारेमा

उर्मिला चन्द कोहलपुर नगरपालिका वडा न. २ निवासी हुनुहुन्छ र हाल कोहलपुर नगरपालिकामा वन प्राविधिक (सातौं) को रूपमा कार्यरत रहनुभएको छ। उहाँले वन विज्ञान विषयमा स्नातक तहको अध्ययन सम्पन्न गर्नुभएको छ। उहाँ "समृद्धिको लागि वन" परियोजना अन्तर्गत सञ्चालन भइरहेका कार्यक्रम तथा गतिविधिमा सक्रिय रूपमा संलग्न रहनु भएको छ।

साथै, कोहलपुर नगरपालिकाको "जैविक विविधता प्रोफाइल, २०८२" को तयारी, सामग्री संकलन, तथ्यांक व्यवस्थापन तथा प्रतिवेदन लेखन कार्यमा समेत उहाँको उल्लेखनीय तथा सक्रिय सहभागिता रहेको छ।

उहाँको प्राविधिक ज्ञान, दक्षता र अनुभवले जैविक विविधताको संरक्षण तथा दिगो वन व्यवस्थापन सम्बन्धी कार्यहरूमा टेवा पुगेको छ।

प्रेम प्रकाश बुढाथोकी कोहलपुर नगरपालिका-१२ का स्थायी बासिन्दा तथा हाल नगरपालिकामा कार्यरत वातावरण अधिकृत हुनुहुन्छ। उहाँले कोहलपुर नगर क्षेत्रमा वातावरण संरक्षण, जैविक विविधताको प्रवर्धन, हरित पहल, ठोस फोहर व्यवस्थापन, चक्रिय अर्थतन्त्रको प्रवर्द्धन, तथा युवा र समुदायमाझ चेतना अभिवृद्धि अभियानमा उल्लेखनीय योगदान पुऱ्याउदै आउनु भएको छ।

स्थानीय विकासमा निहित विश्वव्यापी सोचसहित, उहाँले तथ्यमा आधारित नीति निर्माण, वातावरणमैत्री परियोजनाहरू, र क्षमता विकासमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आउनुभएको छ। खाद्य प्रणालीका क्षेत्रमा सशक्त अनुभव र युवा सशक्तीकरणप्रतिको प्रतिबद्धतासहित, उहाँले स्थानीयदेखि अन्तर्राष्ट्रिय मञ्चसम्म सक्रियता जनाउँदै आउनुभएको छ।

जैविक विविधता प्रोफाइल-२०८२

बाँके राष्ट्रिय निकुञ्ज कार्यालय

ओभरी, बाँके



नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाडौं